नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
## राष्ट्रिय विकास स्वयंसेवक सेवा
बालुवाटार, काठमाडौं

# स्वयंसेवकको लागि अनलाईन आवेदन गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति: २०७४/०५/०८

राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यक्रम अन्तर्गत स्वयंसेवक भई काम गर्न इच्छुक व्यक्तिहरुको विवरणको लागि मिति २०७३/१०/२४ को सूचनाद्वारा अनलाईन मार्फत आवेदन लिई सूचीकरण गर्ने कार्य जारी रहेको विदितै छ । अब उप्रान्त अनलाईनबाट सूचीकरणका लागि प्राप्त आवेदनहरुलाई मात्र स्वयंसेवक छनौटका लागि स्वीकार गरिने भएकोले यस पूर्व मिति २०७२/१२/०९ को सूचना बमोजिम मिति २०७३/१०/२४ गते भित्र सुचिकृत हुनु भएका इच्छुक उम्मेदवारहरु समेतले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अनलाईन व्यवस्था अन्तर्गत यस कार्यालयको वेबसाइट **www.volunteer.gov.np** मा गई अनिवार्य रुपमा पून: सूचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त मिति पछि अनलाईन व्यवस्था अन्तर्गत सूचिकृत नभएका व्यक्तिहरु छनौट प्रक्रियामा सामेल हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

| सि.नं. | विषयक्षेत्र | योग्यता (मान्यता प्राप्त शिक्षण संस्थाबाट) |
|---|---|---|
| १ | स्वास्थ्य | बि.एस्सी.नर्स, स्टाफ नर्स, हेल्थ असिस्टेन्ट, ल्याब टेक्निसियन, ल्याब असिस्टेन्ट, अ.हे.ब. (सि.एम.ए.) र अ.न.मी. उत्तीर्ण । |
| २ | सिभिल इन्जिनियरिङ | सिभिल इन्जिनियर, सब-इन्जिनियर (ओभरसियर) र असिस्टेन्ट सब-इन्जिनियर (सब-ओभरसियर) उत्तीर्ण । |
| ३ | कृषि/भेटेरीनरी | कृषि विज्ञान तथा भेटेरीनरी विज्ञानमा बि.एस्सी., जे.टि. र जे.टि.ए. उत्तीर्ण । |
| ४ | अन्य विषय क्षेत्र | विभिन्न विषयमा उच्च माध्यमिक शिक्षा उत्तीर्ण वा सो भन्दा माथिल्लो योग्यता प्राप्त । |

**१. सूचीकृत हुन आवेदन साथ पेश गर्नु पर्ने प्रमाणपत्रहरु:**

आफूले आवेदन दिन चाहेको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र सम्बन्धित विषय क्षेत्रको परिषद् (council) मा दर्ता हुनु पर्ने प्रावधान भएकोमा त्यस्तो संस्थाबाट जारी भएको अद्यावधिक दर्ता प्रमाणपत्रहरुको प्रति स्क्यान गरी PDF वा JPG file upload गर्नु पर्नेछ ।

**२. थप जानकारीका लागि:**


## राष्ट्रिय विकास स्वयंसेवक सेवा
बालुवाटार, काठमाडौं (चीनको दुतावास सँगै)
फोन नं. ०१-४४४६३२९, ०१-४४४६२८५
फ्याक्स नं.०१-४४४६२८९
ईमेल: ndvsinfo@gmail.com